स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'प्रेमगीत' फेम्ड निर्माता सन्तोष सेनले आफ्नो निर्देशनमा ६ करोड खर्चिएर नेपाली र हिन्दी भाषामा फिल्म 'बलिदान' बनाउँदैछन् । फिल्ममा सौगात मल्ल र अर्पण थापा मुख्य भूमिकामा भित्रिसकेका छन् । दर्शकहरुले भने 'एक्सन स्टार' विराज भट्टको नाम जपेका छन् । सार्वजनिक टिजरको कमेन्टमा निहाल्ने हो भने ३० प्रतिशतभन्दा बढीले मुख्य भूमिकामा विराजको नाम लिएको देखिन्छ । कमेन्ट बक्समा झमन सिंह सुनार लेख्छन्, 'यो फिल्ममा विराज भट्ट भइदिए बबाल हुन्छ ।

**आजको विचार...**



लोकतन्त्रको...
(दुई पेजमा)

राजेन्द्र पन्थी



अहिलेकी चर्चित गायिका रचना रिमाल त्यतिबेला कक्षा ५ मा पढ्दै थिइन् । पहिलोपटक विद्यालयबाट जिल्लास्तरीय गायन प्रतियोगीतामा उनी सहभागी भइन् । त्यहाँ उनले तारादेवीको यो गीत गुन्गुनाइन् । सबैलाई पछि पार्दै उनै प्रथम भइन् । पुरस्कार ५०० रुपैयाँ र डायरी पाइन् । उनमा खुशीको सीमा रहेन । गाउन सक्दो रहेछु भन्ने विश्वास बढेर गयो । उसो त उनी त्योभन्दा अगाडिबाटै गाउँथिन् । जिल्लास्तरीय प्रतियोगितामा प्रथम भएपछि गाउँनुपर्दो रहेछ, राम्रो हुँदो रहेछ भन्ने महसुस भयो । रिमाल गायनमा प्रोत्साहित भएको बताईन् ।

❒ वर्ष २९ ❒ अंक ११८ ❒ २०८० मंसिर १० गते आइतबार 26 November 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# अर्को संविधानको नाममा युग खेर फालिदैंन : महामन्त्री थापा

## पूर्वराजा ज्ञानेन्द्रलाई पार्टी खोलेर चुनावमा आउन चुनौती

**हाम्रा संवाददाता**

**गुल्मी,** मंसिर ९/नेपाली काँग्रेसका महामन्त्री गगन थापाले वर्तमान संविधानको नाममा युग खेर नफालिने बताएका छन् । उनले काँग्रेसको नेतृत्वमा आएको शान्ति प्रक्रिया र संविधान निर्माणका विषयमा संविधान नै फेर्ने गरी अहिले टिकाटिप्पीहरु आएको भन्दै अब अर्को संविधानको नाममा युग खेर नफालिने धारणा व्यक्त गरे । काँग्रेस गुल्मीको दोस्रो जिल्ला अधिवेशनलाई शनिबार तम्घासमा सम्बोधन गर्दै थापाले ठूलो बलिदानका कारण ल्याइएको संविधानको विकल्प खोज्नेतिर लागेमा फेरि अर्को युग नै खेर जाने भएकाले त्यसतर्फ काँग्रेस सचेत रहेको बताए ।

'हो सरकार सञ्चालनमा कमजोरी भएको छ, निर्वाचन प्राणलीमा कमजोरी भएको छ, प्रादेशीक सञ्चालनमा कमजोरी भएको छ, यस्तो कमजोरी भयो भन्दैमा संविधान नै फेर्नुपर्ने ?' उनले भने,'कमजोरी छन्, संविधान भित्र भएका कुराहरु सच्याउनुपर्छ, प्रदेश चलाउन नसक्ने, अनि व्यवस्था परिवर्तनका कुरा गर्ने यस्तो हुँदैन, संविधान सच्याएर जान सकिन्छ ।' बच्चा रोयो भनेर बच्चालाई सम्झाउने की बच्च सहितको बाकस लगेर फालिदिने ? काँग्रेसका साथीहरुले अब सोच्न जरुरी रहेको महामन्त्री थापाको भनाई छ । गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा ल्याइएको शान्ति प्रक्रिया र शुसिल कोइरालाको नेतृत्वमा निर्माण भएको संवैधानिक व्यवस्थाप्रति गर्व रहेको उनले बताए । माहामन्त्री थापाले भने,'काँग्रेसले ल्याएको संवैधानिक व्यवस्थाको अभ्यास गर्दै गर्दा केही अनुभवहरु भएका छन्, त्यहाँ भएका केही कुराहरु सच्यानुपर्ने छ, हामी सच्याएर जान्छौं, यही संविधान भित्र विकल्प खोज्छौं तर अर्को संविधानको नाममा युग फाल्न हामीले दिदैनौं ।'




महामन्त्री थापाले मुर्ति चोर्नेले हाम्रो धर्म जोगाईदिन्छ भन्दै भ्रममा परेकाहरुलाई काँग्रेसले भ्रममुक्त गराउनु पर्ने खाँचो औँल्याए । उनले राजतन्त्रकालमा भन्दा गणतन्त्रकालमा धेरै विकास भएको तथ्यांकहरु प्रस्तुत गर्दै अराजक समूहले चेतनाको सट्टामा उत्तेजनाको राजनीति गर्न खोजेको दावी गरे । महामन्त्री थापाले राजतन्त्रमा राजाको बारेमा प्रश्न उठाउन नपाइने, तर गणतन्त्रमा गणतन्त्र र नेताकै बारेमा खरो आलोचना गर्न पाइने भएकाले नै गणतन्त्र धेरै उत्तम भएको तर्क गरे । उनले काँग्रेस भित्र जिम्मेवारी र अवसरका लागि आफूभन्दा माथी हेर्ने प्रबृत्ति रहेकोले अबदेखि त्यसलाई उल्ट्याएर तल हेर्ने पद्धति बसाल्नु पर्नेमा जोड दिए । महामन्त्री थापाले पूर्वराजा ज्ञानेन्द्रलाई पार्टी खोलेर चुनावमा आउन र संविधान संशोधन गर्न चुनौती दिएका छन् । 'राजा फर्काउनुपर्छ भनेर कोही आउँछ भने काँग्रेसले प्रस्ट भन्ने हो, राजाले पनि जुवाको खालमा गएर च्याँखे दाउ हान्ने होइन, च्याँखे खालमा दाउ नहान्नुस् महाराज, खेल्ने भए खालमा आउनुस् काँग्रेस भिड्न तयार छ । पार्टी खोल्ने, चुनाव लड्ने संविधानले दिन्छ । बहुमत ल्याउने संविधान फेर्ने, बदल्ने, फर्काउने । नेपाली काँग्रेस यो कुराको लागि तयार छ,' उनले भने । नागरिकको स्वतन्त्रता नै समाजको परिवर्तनको सबैभन्दा ठूलो शक्ति भएको थापाले बताए । नागरिक स्वतन्त्र भएनन् भने त्यो समाजले परिवर्तन गर्न सक्दैन भन्ने नीतिका आधारमा काँग्रेस पार्टी अगाडि बढेको उनको तर्क छ । 'नेपाली काँग्रेसले सङ्कल्प गर्नुपर्छ । काँग्रेस हामी बदल्छौं । बदलिएको काँग्रेसले नेपाललाई थप बलियो बनाउने हो । नेपालको सबैभन्दा ठूलो समस्या बेरोजगारी हो । बेरोजगारी अन्त्य गर्न नेपाली काँग्रेस लाग्नुपर्छ । देशका सबै दल र समूहलाई सम्हालेर लैजान सक्ने पार्टी काँग्रेस मात्र हो', उनले भने । उनले पछिल्लो केही दिनको माहोलप्रति केन्द्रित गर्दै अगाडि भने, 'मानिस रिसाएका छन् । असन्तुष्टि छ । जायज कारण छन् । केही समूह र पात्रको असन्तुष्टिलाई समेटेर जसका निम्ति बनेको पार्टी नेपाली काँग्रेस गलत हो भनेर लागेका छन् । आम मानिस र पीडामा परेका मानिस ती होइनन् । जसको बारेमा चिन्ता गर्नुपर्नेछ त्यसको बारेमा चिन्तन गर्नुपर्नेछ ।' उनले सरकारमा बसेर सबैले काम गर्नुपर्नेमा जोड दिँदै काँग्रेसले नै अग्रसरता दिनुपर्ने बताए । थापाले भने, 'हामीले गर्ने कामहरुबारे छलफल गर्नैपर्छ । तर यसको दोष व्यवस्था र आस्थालाई लगायौं भने फेरि दुर्घटना हुन्छ' उनले भने,'१७ सालमा राजा महेन्द्रले बीपीलाई रोक नलगाएको भए अहिले पनि संवैधानिक राजा रहने थिए । हामीले काम किन गर्न सकेनौं भनेर लाग्नुको सट्टा व्यवस्था परिवर्तन गर्न खोजिरहेका छौं । हाम्रो जग मजबुद छ । घरमा समस्या छ भने झ्याल वा धुरी फेर्न सकिन्छ ।' कार्यक्रममा काँग्रेसका केन्द्रीय सदस्य डा.चन्द्र भण्डारीले अहिले अवस्था फेर्नेभन्दा पनि नेतृत्व फेर्ने आवश्यकता रहेकोमा जोड दिए । उनले व्यवस्थामा दोष नभएको र यही व्यवस्थामा मात्रै सुधारको विकल्प हुने भएकाले सुधारतर्फ लाग्नु पर्नेमा जोड दिए ।

-...बाँकी अन्तिम पेजमा

## सक्षिप्त समाचार

### स्कुल बस दुर्घटनामा तीनको मृत्यु

**उदयपुर,** मंसिर ९/त्रियुगा नगर पालिका-५ देउरीको अन्नपूर्ण स्कुलको बस शनिबार उदयपुरगढी गाउँपालिका-७ अँधेरीमा दुर्घटना हुँदा बस चालकसहित तीनको मृत्यु भएको छ भने बसमा सवार ३९ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार बनभोजबाट फर्कने क्रममा बस दुर्घटना भएको हो ।

दुर्घटनामा परी बस चालक ४० वर्षीय भिखन चौधरी, ७ वर्षे सन्ध्या चौधरी र ६ वर्षे विकास चौधरीको मृत्यु भएको छ । घाइते विद्यार्थीको जिल्ला प्रहरी र स्थानीयको सहयोगमा जिल्ला अस्पताल उदयपुर ल्याइ उपचार सुरु गरिएको जिल्ला प्रहरी कार्यलय उदयपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरि नन्दन चौधरीले बताए । गम्भीर घाइते पाँच जनालाई थप उपचारका लागि विराटनगर पठाइएको छ ।-रासस

### सपिङ मलमा आगलागी हुँदा एघारको मृत्यु

**(रासस/एएफपी)**

**पाकिस्तान (कराँची),** मंसिर ९/पाकिस्तानको व्यापारिक राजधानी कराँचीस्थित सपिङ मलमा शनिबार आगलागी हुँदा कम्तीमा ११ जनाको मृत्यु हुनुका साथै ३५ जना घाइते भएको अधिकारीहरूले बताएका छन् । दक्षिणी बन्दरगाह सहरस्थित छ तले भवनको चौथो तलामा आगलागी हुँदा ६० जनाभन्दा बढी मल भित्र रहेका थिए । 'हाम्रा उद्धारकर्मीहरूले अहिलेसम्म ११ जनाको शवलाई अस्पतालमा लगेका छन्', उद्धार सेवा सञ्चालन गर्ने चिप्पा कल्याणकारी संस्थाका प्रवक्ता शाहिद हुसेनले भने । उनका अनुसार ३५ जना घाइते भएका छन्, घाइतेमध्ये सात जनाको अवस्था गम्भीर छ र गम्भीर जसमध्ये कम्तीमा ४० जनाको उद्धार गरिएको छ । प्रान्तीय स्वास्थ्य मन्त्रालयका प्रवक्ता शब्बीर अलीले मृत्यु हुनेको संख्या र घाइतेको संख्या पुष्टि गरेका छन् । जेनेरेटर सर्ट भएर भएको आगलागी भवनको दुई तलासम्म फैलिएको हुसेनल बताए । कमजोर सुरक्षा कानून र भवन संहिताका साथै ढिलो कार्यान्वयनको अर्थ पाकिस्तानमा ठूला भवनमा आगलागी हुने गरेको छ ।

## सूचना ! सूचना !! सूचना !!!


यस मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्थाबाट विभिन्न शिर्षकमा कर्जा लिनुभएका ऋणीहरुले नियमित रुपमा बुझाउनुपर्ने सावाँ र व्याजको किस्ता रकमहरु यही मंसिर २५ गते सोमबार, कार्यालय समयभित्र अनिवार्य रुपमा बुझाउनु हुन सूचित गरिन्छ । अन्यथा संस्थाको नियमानुसार कानूनी कारवाही प्रक्रिया अगाडि बढाइने यसै सूचनामार्फत जानकारी गराईन्छ ।

**श्री मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क : ०७५-५२१४०५,९७६२५९०८०५**

# लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सुरु

**पाल्पा,** मंसिर ९/लैंगिक हिंसा विरुद्धको विश्वव्यापी १६ दिने अभियान शनिबारदेखि सुरु भएको छ ।

संयुक्त राष्ट्रसंघको महासभाले प्रत्येक वर्ष नोभेम्बर २५ तारिखलाई महिला हिंसा निर्मूलसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रूपमा विश्वभर मनाउने निर्णय गरेबमोजिम नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान समेत सञ्चालन हुँदै आएको छ । नेपालमा पनि 'लैंगिक हिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराका साथ अभियान मनाइँदैछ ।



अभियानको सन्दर्भमा सरकारी र गैरसरकारी क्षेत्रबाट देशभरि विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन हुँदैछन् । सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसा विरुद्धको दिवस मनाउँदै आएको भए पनि सन् १९९९ मा संयुक्त राष्ट्रसंघले अनुमोदन गरेपछि महिलामाथि हुने हिंसा विरुद्धको विभिन्न अभियान सुरु भएको पाइन्छ । नेपालमा भने २०५४ सालदेखि लैकि हिंसाविरुद्ध विविध सचेतनामूलक कार्यक्रम गरी अभियान मनाउन सुरु गरिएको हो । यस दिवसलाई नेपालमा पनि सोह्रदिने अभियानको रूपमा २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म मनाउने गरिएको छ । सबै समुदायदेखि तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी यो दिवस मनाउने गरिन्छ ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अर्थतन्त्र सुधारमा चिन्तन गर

**नेपालको अर्थतन्त्र अझै पनि माथि उठ्न सकेको छैन । बाह्य अर्थतन्त्रका सूचकहरू मजबुद हुँदाहुँदै पनि आमनागरिकले आर्थिक अनुभूतिबाट मुक्ति पाएका छैनन् । साना, ठूला व्यापार व्यवसायीको कारोबार उस्केको छैन । उद्योगहरुले उत्पादन वृद्धि गर्न सकेका छैनन् । घरजग्गा कारोबार मौलाओस् भनेर कित्ताकाट पनि सरकारले खुलायो, तर आशाअनुरूप परिवर्तन देखा परेन् । अर्थतन्त्र सुधारका लागि सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत विभिन्न सुधारका कार्यक्रम ल्याए पनि ती कार्यक्रमको कार्यान्वयन सन्तोषजनक हुन नसक्दा अर्थतन्त्रमा अपेक्षित सुधार हुन नसकेको हो ।**

**राजस्व लक्ष्य अनुरूप छैन । निर्यात साँघुरो छ । व्यवसाय बन्द गरेर अवैध बाटो समुन्द्रपार हेलिन तयार भएर साना उद्यमीले ज्यान फालेका समाचार आइरहेका छन् । पैसा भएकाहरू न लगानीमा उत्साही छन् न त खर्च गर्न उद्यत । आमसर्वसाधारणदेखि व्यवसायीसम्मको मनोबल खस्केको छ । बैङ्कको ब्याजदर घटे पनि लगानी आकर्षित हुनुपर्ने हो तर मनोबल र सकारात्मक ऊर्जा नहुँदा आर्थिक गतिविधि निकै सुस्ताएको यथार्थ हो । यसतर्फ सरकार गम्भीर बन्न सकेको छैन् । यो अत्यन्त दुखको कुरा हो । सरकारकै अलमलका कारण अर्थतन्त्र यति कमजोर भएको हो । अहिले देखिएको आयातको वृद्धिदेखि शोधनान्तर बचतसम्ममा सरकारको योगदान केही पनि छैन । विप्रेषण आप्रवाह बढेकाले बाह्य क्षेत्र सकारात्मक देखिएको हो । आयात केही बढेको भए पनि विगतमा जस्तो आयात अझै भइरहेको छैन । यस्तो आयात बढ्न थाल्ने हो भने विदेशी विनिमय सञ्चितिमा दवाब पर्ने निश्चित जस्तै छ । त्यसैले यसमा देखिएको सुधारमा सरकारको कुनै कार्यक्रमले काम गरेको देखिँदैन । वास्तवमा अर्थतन्त्रमा जुन मन्दी देखिएको छ त्यसको मूल कारण सरकारकै कमजोर कार्यक्षमता हो । यसका लागि तीनवटै सरकार ( स्थानीय, प्रदेश र संघीय) ले प्राकृतिक स्रोतसाधनको बाँडफाँट, राजस्व संकलन, कानुन निर्माणका सवालमा गहन छलफल गरी अघि बढे अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्नेछ । कुनै एउटा मात्र क्षेत्रको विकासले मुलुकका आर्थिक चुनौतीको सामना गर्न सक्छ भन्ने देखिँदैन । यसर्थ यसका लागि दूरदृष्टि, इमानदार प्रयत्न र कठोर प्रतिवद्धता आवश्यक पर्छ । त्यसतर्फ तीनै तहका सरकार गम्भीर बन्न आवश्यक छ ।**

## Opinion @ Social Network

मेरो अनुहारको खोट नखोज साथीहरु सूर्यमा पनि दागहरु छन् है !

*(कपिलजंग कुवरको फेसबुक स्टाटस https://www.facebook.com/kapiljung.kunwar.73)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोकतन्त्रको विकल्प राजतन्त्र होइन



राजेन्द्र पन्थी

**आज दुवै किसिमका राजतन्त्र र गणतन्त्र भएका देशहरू सफल र असफल भएका छन् । विकास र समृद्धिको लागि व्यवस्था नै अन्तिम विकल्प होइन । हामी नेपालीहरूले नै थुप्रै व्यवस्था भोगिसक्यौँ त । राणा शासन र पञ्चायतमा के के पाएका थियौँ र अहिले के के पाएनौँ ? राणा शासनमा राणा, पञ्चायतमा राजा पायौँ, गणतन्त्रमा एक थान संविधान, यत्ति होइन र ? अब पुनः त्यही राजामात्र पाउन फेरि मर्ने र मराउने ? नेपालमा २४१ वर्षे राजतन्त्र भोगेकै त हो नि । किन राजतन्त्रमा विकास हुन सकेन ? किन २०४६ मा त्यति ठूलो जनआन्दोलन र २०५२ देखि २०६२ सम्मको सशस्त्र आन्दोलन गर्न परेको ?**

नेपालमा यतिबेला लोकतन्त्रको विकल्प राजतन्त्र हो भन्ने भ्रममा पारेर केही व्यक्ति वा समूहले जनविद्रोहको समेत नाम दिई नेपाली नागरिकलाई विभिन्न आश्वासनका पोकाहरू फालेर आन्दोलनमा उतार्ने, चर्काउने, भाँड्ने र अराजकता फैलाउने प्रयास गर्दैछन् । नेपाली नागरिकले यो नै अन्तिम आन्दोलन हो भन्दै विगतमा धेरैपटक रगतका खोला बगाएका थिए । सृष्टि र गतिको नियमअनुसार पनि समय अगाडि नै जान्छ, कहिल्यै पछि फर्किंदैन । आजको युग भनेको २१ औँ शताब्दीको युग हो । अब युगलाई १७ औँ शताब्दीतिर लगेर खरानी बनेको राजतन्त्रलाई फर्काएर नेपाल र नेपाली समाजको उन्नति हुनै सक्दैन । नेपाली नागरिकले अझै कहिलेसम्म व्यक्ति पूजा गर्दै जाने हो र ? भगवान्कै रुपमा राजालाई मानेकै होइन र ? राजाले किन गर्न सकेनन् र हामीलाई गणतन्त्र चाहियो ? आज फेरि गणतन्त्र के भयो र राजतन्त्र चाहियो ? कति पुस्तासम्म व्यवस्था परिवर्तनका लागि नेपालीहरू लडिरहने हो र ? कुनै व्यक्ति विशेषलाई राजा बन्न मन लाग्यो भनेर नेपाली नागरिक बारम्बार मर्नुपर्ने ? कहिलेसम्म मरिरहने ? कुनै व्यक्तिलाई गणतन्त्र मन परेन भनेर त्यसैको लागि बलिदान दिन तयार हुने ? अब यी तमाम प्रश्नहरूका उत्तर खोज्नुपर्छ । आज नेपाली नागरिकलाई भ्रममा पारेर केही सीमित व्यक्तिले देशमा ब्रह्मलुट मच्चाएका कारण देशको उन्नति हुन सकेको छैन ।

संसारमा अहिलेसम्मकै उत्कृष्ट शासन व्यवस्था भनेकै गणतन्त्रात्मक लोकतान्त्रिक व्यवस्था हो । शासन व्यवस्था भनेको साधन हो, साध्य होइन । आज दुवै किसिमका राजतन्त्र र गणतन्त्र भएका देशहरू सफल र असफल भएका छन् । विकास र समृद्धिको लागि व्यवस्था नै अन्तिम विकल्प होइन । हामी नेपालीहरूले नै थुप्रै व्यवस्था भोगिसक्यौँ त । राणा शासन र पञ्चायतमा के के पाएका थियौँ र अहिले के के पाएनौँ ? राणा शासनमा राणा, पञ्चायतमा राजा पायौँ, गणतन्त्रमा एक थान संविधान, यत्ति होइन र ? अब पुनः त्यही राजामात्र पाउन फेरि मर्ने र मराउने ? नेपालमा २४१ वर्षे राजतन्त्र भोगेकै त हो नि । किन राजतन्त्रमा विकास हुन सकेन ? किन २०४६ मा त्यति ठूलो जनआन्दोलन र २०५२ देखि २०६२ सम्मको सशस्त्र आन्दोलन गर्न परेको ? नेपाली नागरिक केवल आन्दोलनका लागि मात्र जन्मिएका हुन् र ? आज बहुदलीय प्रजातन्त्रको पुनः बहाली भएको ३४ वर्ष भयो ।

किन विकास हुन सकेन ? लोकतन्त्रले कसलाई के गर्न दिएन र ? कसरी व्यवस्था बाधक भएको छ र ? नेपालमा विकास र समृद्धिको बाधक व्यवस्था हुँदै होइन, यहाँको नेतृत्व नै हो । नेपालले फरकफरक व्यवस्था पायो तर ती व्यवस्थालाई नेतृत्व गर्न सक्ने असल र दुरदर्शी नेता पाउन सकेको छैन । हामीलाई नेता चाहिएको छ, राजा होइन । नेपालमा कुनै व्यक्ति र नेताको नितान्त व्यक्तिगत स्वार्थले राजनीतिक मुद्दा प्राप्त गरिरहेको हुन्छ र नागरिक त्यसैका पछाडिपछाडि दौडिरहेका हुन्छन् । यही तरिकाले नागरिकलाई आँखामा छारो हालेर र समाजमा वितण्डा मच्चाएर देश लुट्ने र बेच्ने प्रवृत्तिको विकास भइरहेको छ । अब यहाँ व्यवस्था परिवर्तनको आन्दोलन होइन, यही लोकतान्त्रिक व्यवस्थालाई प्रयोग गरी नेपाली नागरिकको अवस्था परिवर्तनको आन्दोलन चाहिएको छ । अहिले नेपाली नागरिकलाई नेपालको संविधानमा व्यवस्था भए बमोजिम आधारभूत आवश्यकताहरू चाहिएका छन् । नागरिकलाई सुशासन, न्याय, शान्ति, शिक्षा, स्वास्थ्य, रोजगार चाहिएको छ । अब नेपाली नागरिकलाई राजा वा राजा जस्तै बन्ने नेता चाहिएकै छैन । अहिले नेपाली नागरिक अत्यन्तै निराशावादी र आक्रोशित छन्।यस्तो अवस्थामा केही समूहले आफ्नै व्यक्तिगत स्वार्थको पुनस् प्रयोग गर्न खोज्दैछन । नेपालको विकास र समृद्धिको लागि अहिलेको नेपालको व्यवस्था बाधक छैन । बाधक केवल यहाँका शासक बनेका छन् । वर्षौं देखि नेपालको सत्तालाई निजी सम्पत्ति जस्तो बनेर रजाइँ गरिरहेका र आफूलाई मूलधारका दलहरू भन्ने नै विकासका बाधक हुन् ।

अब नेपाली नागरिक कसैको लहलहैमा लागेर मर्ने र मार्ने लडाइँमा लाग्ने होइन । यही व्यवस्था र संविधानलाई प्रयोगमा ल्याई हाम्रो अवस्था परिवर्तन गर्नेतिर लाग्नुपर्छ । यो देशका मूलधार भनिएका दलहरूका नेतृत्वलाई बारम्बार आँखा चिम्लेर राज्यसत्ताको साँचो सुम्पिदा आज देश नै असफलताको बाटोतिर लागेको हो । यो देशको मूल नेतृत्व नै बारम्बार असफल र असक्षम प्रमाणित भएको छ । जबसम्म यो नेतृत्वलाई फ्याँक्न सकिँदैन तबसम्म नेपाली नागरिकले सुख र शान्तिको सास फेर्न सक्दैनन् । नेतृत्वलाई फाल्ने र हुत्याउने भनेकै अहिलेकै व्यवस्था भित्रको निर्वाचन प्रणाली हो । अहिले नेपालको सामाजिक, राजनीतिक र आर्थिक अवस्था अत्यन्तै तरल र सङ्कटावस्थामा देखिन्छ । यहीबेला केही समूहले धमिलो पानीमा माछा मार्न सकिन्छ कि भने दाउमा प्रयत्न गरिरहेका छन् । विभिन्न देशीविदेशी शक्तिहरू राजा र धर्मका नाममा नेपाली नागरिकलाई फुटाउने र देशलाई असफल बनाउने प्रयत्नमा लागेका देखिन्छन् । राज्यको नेतृत्व गर्ने व्यक्तिले नागरिकका निराशामा आशा जगाउने काम गर्न पटक्कै खोज्दैनन् । उनीहरूमा त सपना पनि छैनन् । सरकार पक्षीय दलहरू कतिखेर कुर्सी फुस्कने हो भनेर कुर्सी बचाउने खेलमा मात्र लागेका छन् भने विपक्षीहरू जसरी हुन्छ सरकारबाट हटाउने खेल खेल्न चाहन्छन् । अहिलेका यी मूलधार भनिएका राजनीतिक दलहरूको खेल भनेको एक अर्कोलाई तथानाम गाली गर्ने र कुर्सीको लागि लड्नेमात्र देखिन्छ । यी राजनीतिक नेतृत्वहरूले नेपाली नागरिकलाई संस्कार र सद्भावका कुराहरू बडो सिकाउँछन् तर आफैँ राजनीतिक र सामाजिक रुपमा झन धेरै नाद्रिदै गएका छन् र देशलाई असफल बनाएका छन् । नेपालका पुराना राजनीतिक दलका नेतृत्वहरूले आफ्नो विचार र सिद्धान्तलाई त्यागेर दलमा अलोकतान्त्रिक परिपाटीको विकास स्थापित गराउँदा देशले आज यो अवस्था भोगेको हो । आजका राजनीतिक दलहरू व्यक्तिका निजी कम्पनी जस्ता भएका छन् । दलभित्र बावाद र भाउजूवादको विकास भएको छ । झोले र टीके प्रणालीले गर्दा दलहरूप्रति नागरिकको विश्वास नै छैन । दलाल, ठेकेदार, बिचौलीले दलभित्र प्रवेश गराएर उनकै हालीमुहालीमा देश चलाउने गरिएको छ । दलहरूलाई अहिलेको नयाँ पुस्ताले सच्याउनु पर्छ र जतिसक्दो छिटो नेतृत्व सम्हाल्नु पर्छ । आज नेपालका कुनै पनि दलका नेतृत्वहरूमा देश र नागरिकप्रति माया नै छैन र उनीहरूमा देश बनाउने कुनै भिजन नै छैन । देशलाई लुट्नकै लागि राज्यसत्ता र निर्वाचनलाई सिन्डिकेट प्रणालीमा पुर्याएका छन् । वास्तवमा ३४ वर्षसम्म पनि यो देशमा उल्लेखनीय परिवर्तन हुन नसकेको व्यवस्थाको कारणले होइन । नेपाली राजनीतिमा सिन्डिकेट प्रणाली अपनाएर देशलाई बन्धक बनाएका नेपालको राजनीतिका प्रमुख तीन दलहरूका शीर्ष तीन नेताहरूकै कारणले हो । ती तीनभाइको कब्जामा विगत तीन दशकदेखि देश बन्धक बनिरहेको छ । यो बन्धक बनेको देशलाई राजतन्त्रका नाम पारेर अर्को कुनै पूर्वराजाको पाउमा सुम्पिदैमा वा कसैको नाति गणतन्त्र भत्काउने ह्याम्बर बन्छु भन्दैमा भत्किदैन र फूमन्तर पनि हुँदैन । ती तीनभाइको पन्जाबाट यो देशलाई फुकाउन दलभित्र नयाँ पुस्ताले नयाँ अवतारसहित विद्रोह गर्नुपर्छ र आम नेपाली नागरिकले आवधिक निर्वाचनमा भोट माग्न आउँदा धुलो चटाउनुपर्छ ।

कसैको भावनामा बगेर नागरिक उक्सिएर आजको भोलि देशले काँचुली फेर्न सक्दैन । लोकतान्त्रिक परिपाटीबाटै नयाँ नेपालको सपना देखेको नयाँ नेताले नै देशको नेतृत्व गर्नुपर्छ । त्यो नयाँ नेतृत्व भनेको फालेको राजा, अहिलेका राजा वा राजा हुने दिवा सपना देखेको कुनै व्यक्तिविशेष होइन । नेपाली राजनीतिमा यो देशको लागि केही गर्न सकिन्छ भनेर सिद्धान्त र विचारमा स्खलन नभएको र समृद्धिको सपना देखेको तर अवसर नपाएको व्यक्ति हो । अब अहिलेको यो गन्हाउने नेतृत्वलाई जतिसक्यो छिटो जबर्जस्त भए पनि हुत्याई पुराना दलभित्रबाटै वा नयाँ दलबाट भए पनि नयाँ पुस्तालाई अगाडि ल्याउनुपर्छ । दलभित्र राजनीति गरेका र अवसरबाट बन्चित भएका नयाँ पुस्ताहरू विद्रोह गरी अब बाहिर निस्कनुपर्छ । अब पनि दिन्छ कि खान पाउँला वा छोडिदियो भने म गरुँला भन्ने दिन छँदै छैनन् । अहिले पुराना दलमा पनि केही नयाँ पुस्ताहरू नेतृत्वमा पुग्दासमेत मरिचसरी खुम्चिएका पनि देखिन्छन् । यति धेरै नागरिकको साथ पाउँदासमेत नेतृत्वकै उकुसमुकुसमा परेर सासै फेर्न बिर्सेका हुन् कि जस्ता पनि देखिन्छन् । नेतृत्वमा नयाँ पुस्ताहरू पुग्दासमेत दललाई रुपान्तरण गर्न नसक्दा र नागरिकका आवाजहरू सुन्न नसक्दा प्रतिगामी शक्तिहरू देशको राजधानीमै जाग्न खोजेका छन् । अब ती प्रतिगामी शक्तिलाई गाली गरेर होइन नेपाली नागरिकका समस्यालाई सम्बोधन गरेर देश बचाउने काममा तुरुन्तै लाग्नुपर्छ । नेपालमा अबको विकल्प भनेको यही व्यवस्थालाई अवलम्बन गरी दलीय र राज्यसत्तामा नयाँ नेतृत्वलाई ल्याउनै पर्छ । नयाँ नेतृत्वले कडाभन्दा कडा कानून बनाएर लुटेराहरूलाई कानूनी कठघरामा ल्याई देशबाट लुटेको सम्पत्तिलाई राज्यको ढुकुटीमा जम्मा गर्नुपर्छ र नेपाललाई जतिसक्दो छिटो समृद्ध मुलुक बनाउनुपर्छ ।

**-हाम्राकुरा डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिन प्रभाकारी हुनेछ ।

**वृष** : पुरानो समस्या सुल्झाउन सकिने छ । सन्तान सुख पनि मिल्नसक्छ ।

**मिथुन** : अनावश्यक ठाउँमा खर्च होला। वैदेशिक क्षेत्र कमजोर रहनेछ ।

**कर्कट** : धार्मिक यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ ।

**सिंह** : दूरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ ।

**कन्या** : टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ ।

**तुला** : आज सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** : आज आँटेको र ताकेको कार्य पुरा होला । दैनिक कार्यमा प्रगति हुनेछ ।

**धनु** : आज काम गर्ने जोश जाँगर र उमङ्ग बढ्नेछ ।


**मकर** : कीर्तिमानी काम गर्ने समय छ ।चलाखी पूर्ण बोलीले काम बन्ला ।

**कुम्भ** : साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । मनमा उत्साह हुनेछ ।

**मीन** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

# कृषि

## अलैँची बिक्रीबाट २४ करोड आम्दानी



अलैँचीखेतीको 'हब' बन्दै गरेको लमजुङका किसानले अलैँची दाना बिक्री गरेर रु २४ करोड आम्दानी गरेका छन् । प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयन इकाइ लमजुङका अनुसार जिल्लामा उत्पादित दुई सय ५१ मेट्रिक टन अलैँची दाना बिक्रीबाट यस वर्ष यतिका रकम आम्दानी भएको हो ।


आर्थिक वर्ष २०८०/८१ मा अलैँची दाना बिक्रीबाट सो रकम आम्दानी भएको परियोजना कार्यान्वयन इकाइ लमजुङका कृषि अधिकृत हरिबहादुर मिजारले जानकारी दिए । यहाँ विसं २०४१ बाट अलैँचीखेती विस्तार हुँदै आएको छ । अधिकृत मिजारका अनुसार यस वर्ष जिल्लाका किसानले प्रतिकिलो एक हजार दुई सयका दरले अलैँची बिक्री भएको छ । गत वर्ष तीन सय ८० मेट्रिक टन अलैँची दाना बिक्रीबाट रु २० करोड आम्दानी भएको थियो । आव २०७९/८० मा प्रतिकिलो अलैँची कम्तीमा रु पाँच सय ५० देखि सात सयसम्म बिक्री भएको थियो । उत्पादनका हिसाबले अलैँची दाना उत्पादन घटे पनि मूल्य वृद्धि हुँदा जिल्लाका किसानले यस वर्ष हालसम्मकै बढी आम्दानी गरेका छन् । आव २०७८/७९ मा तीन सय ३५ मेट्रिक टन अलैँची दाना बिक्रीबाट रु १५ करोड आम्दानी भएको थियो । त्यस्तै, एक दशकअघि रु १३ करोडसम्म अलैँची दाना बिक्रीबाट आम्दानी भएको थियो । आव २०७७/७८ मा तीन हजार पाँच सय क्विन्टल अलैँची दाना बिक्रीबाट रु १८ करोड २० लाख आम्दानी भएको थियो । उक्त वर्ष नौ सय ५० देखि साढे एक हजार रुपैयाँ बढी मूल्यमा बिक्री गरेका थिए । आव २०७६/७७ मा जिल्लामा दुई हजार क्विन्टल अलैँची दाना बिक्री गरेर किसानले रु १२ करोड आम्दानी गरेका थिए । त्यस्तै आव २०७५/७६ मा सात सय ५० क्विन्टल अलैँची दाना बिक्रीबाट किसानले पाँच करोड २५ लाख रुपैयाँ आम्दानी गरेका थिए । मर्स्याङ्दी गाउँपालिका-७ लुदीका सोमबहादुर तामाङले यस वर्ष गत वर्षको तुलनामा कम उत्पादन गरी बढी आम्दानी भएको बताए । दुई सय ७५ किलो अलैँची दाना बिक्रीबाट तीन लाख ७१ हजार दुई सय ५० रुपैयाँ आम्दानी गरेको उनले बताए । उनका अनुसार गत वर्ष साढे तीन क्विन्टल अलैँची दाना बिक्री गरेर करिब रु दुई लाखमात्र आम्दानी भएको थियो । जिल्लाभरिका अधिकांश किसानले रु एक हजार दुई सयमा प्रतिकिलो अलैँची बिक्री गरे पनि यहाँका तामाङसहित गाउँलेले एक हजार तीन सय ५० रुपैयाँ प्रतिकिलो अलैँची दाना बिक्री गरेको बताइएको छ । तामाङले मात्र नभई जिल्लाका अधिकांश अलैँची किसानको अलैँची खेतीबाट अलैँची दाना उत्पादन कम गरेका छन् । जिल्लाका किसानले कुनैबेला प्रतिकिलो दुई हजार दुई सय रुपैयाँसम्म अलैँची दाना बिक्रीबाट लिने गरेको थियो । जिल्लामा उत्पादित अलैँची दानाको माग उच्च रहँदै आएको छ । भारतको एकाधिकारका कारण किसानको माग अनुसार अलैँची दानाको मूल्य नपाएको गुनासो गर्दै आए पनि यस वर्ष भने केही राहत महसुस गरेका छन् । यस वर्ष अलैँची दानाको मूल्यवृद्धि हुँदा अलैँची किसान हर्षित भएका छन् । जिल्लामा एक हजार हेक्टर बढी क्षेत्रफलमा अलैँची खेती हुँदै आए पनि पाँच सय हेक्टर क्षेत्रफलभन्दा कम क्षेत्रफलबाट उत्पादन हुँदै आएको बताइएको छ । उक्त परियोजनाले अलैँची जोन पकेट क्षेत्रका रुपमा मर्स्याङ्दी गाउँपालिका, बेँसीसहर नगरपालिका, क्व्होलासोथर गाउँपालिका, दोर्दी गाउँपालिका र दूधपोखरी गाउँपालिकालाई घोषणा गरिसकेको छ । सो क्षेत्रमा सबैभन्दा बढी अलैँची उत्पादन हुने गरेको छ । जिल्लामा सात सय मिटरदेखि एक हजार दुई सय मिटर उचाइमा साउन्ने, जिर्मले र डम्बरशाही, एक हजार दुई सय मिटरदेखि १६ मिटर उचाइमा गोलशाही र एक हजार छ सयदेखि दुई हजार दुई सय मिटर उचाइमा रामशाही र भलाडे जातका अलैँची बिरुवा लगाउँदै आएका छन् । जिल्लामा बढी उमेरका अलैँची, कृषकले १५/१६ वर्षको बुढो उमेरका बोटबाट पाना च्यातेर सार्ने, बुढो बगान, स्याहारसुसारमा कमीलगायत कारणले बर्सेनि उत्पादन घट्दै गएको उक्त कार्यालयका कृषि अधिकृत मिजारले बताए । **-रासस**

## अहिले पाइन छोडे हल गोरु

बाह्रै महिना खेतबारीको काम गर्ने । गोठमा हल गोरु पाल्ने, ग्रामीण क्षेत्रका किसानको पहिचान हो । पाखो बारीमा मकै, गहुँ र जौ खेती । खेतमा तोरी र धान फलाउने उनीहरुको मुख्य काम हो । एक दशक अगाडि सम्म बागलुङका धेरै जसो किसानका गोठमा हल गोरु हुन्थे ।

गोरुले जोतेरै सयौँ रोपनी खेतबारीमा बाली लगाइन्थ्यो । तर पछिल्लो समय खेतीयोग्य जमिनमा वनमारा पलाउन थालेका छन् भने हल गोरु पनि पाइँदैनन् । बजार क्षेत्रमा दशक अगाडि देखि नै आधुनिक प्रविधिको प्रयोग गरेर खेतबारी खनजोत गरिन्थ्यो भने गाउँमा त्यो सुविधा थिएन । हिजोआज यो सुविधा गाउँगाउँसम्म पनि पुगेको छ । आधुनिक प्रविधिले किसानलाई सहज बनाए पनि पुरानो संस्कृति भने हराए । ग्रामीण क्षेत्रका किसानले अँगाल्दै आएको परम्परागत खेती प्रणाली फेरिँदै गएपछि गाउँमा अचेल हल गोरु पाउन मुस्किल हुन्छ । पहिले पाँच/सात हल गोरु पालेरै जीविका चलाउँदै आएका किसानले पनि अहिले पाल्न छोडेका छन् । गाउँगाउँमा खेतबारी जोत्ने उपकरण पुगेपछि हल गोरु विस्थापित हुँदै गएका हुन् । बागलुङको ताराखोला, तमानखोला, ढोरपाटन र निसीखोलामा बढी पशुपालन गरिन्थ्यो । एकै परिवारले १० हलसम्म गोरु पाल्ने गरेकामा अहिले एक हल पनि पाल्दैनन् । खेतबारीको कामका लागि अर्मपर्म गर्ने चलन पनि अहिले हटेको छ । पछिल्लो समय खनजोतका लागि मिनीटेलर हलो बढी प्रयोगमा आएको छ । गोरुले दुई दिनमा सक्ने काम मिनीटेलरले दुई घण्टामै सकिदिन्छ । कतिपय किसानले गोरु खोजेरै खनजोत गर्ने गर्छन् । मिनीटेलर हलो गोरु जति उपयोगी नभएको किसान बताउँछन् । गोरुले खेतबारी जोत्दा समय लाग्ने भए पनि उत्पादन राम्रो हुने तर मिनीटेलरले छिटो भए पनि उत्पादनमा ह्रास आउने स्थानीय मीनबहादुर क्षेत्रीले बताए । गोरुको जस्तो जोताइ मिनीटेलर हलोले नहुने उहाँको भनाइ छ । पहिले गाउँका हरेक किसानका घरमा न्यूनतम पनि एक हल गोरु हुने गरेको उल्लेख गर्दै अचेल गाउँभरिमा हल गोरु पाउन मुस्किल हुने क्षेत्री बताए । आफूले दुई वर्षसम्म मिनीटेलरले जोतेर धान, मकै र गहुँ लगाएको सुनाउँदै पहिलेको तुलनामा झण्डै आधा घटेको बताए । 'नयाँ-नयाँ प्रविधिको विकास हुनु राम्रो हो, तर पुरानो परम्परालाई छोडेर सबै नयाँ अँगाल्नु पनि हुँदैन, गोरु र मिनी टेलरले जोतेको बारी धेरै फरक हुन्छ, मिनी टेलरले खासै माटो उप्काउँदैन, गोरुले जोत्दा गहिरो गरी जोतिन्छ,' क्षेत्रीले भने, 'केही समय मैले पनि मिनी टेलरले जोते, अहिले त बाली लगाउन गोरु खोजेरै जोत्ने गरेको छु, तरकारी र फलफूल लगाउन आधुनिक हलो प्रयोग गर्ने गरेको छु, पहिलेजस्तो गोरु पनि पाइन छाडे, गोरु खोज्न पनि लेकतिर जानुपर्ने अवस्था आएको छ ।' बडिगाडका प्रेमबहादुर थापाले गाउँमा काम गर्ने जनशक्ति कम हुँदै गएपछि सयौँ रोपनी खेतीयोग्य जमिन बाँझोमा परिणत हुन थालेको बताए । पाँच वर्ष अगाडिसम्म धान मकै फल्ने खेतबारीमा अहिले वनमारा र तीतेपातीले ढाकिन थालेको उनको भनाइ छ । पहिले गाउँमा धेरै युवा शक्ति हुने र गोरु पनि हरेक परिवारले पाल्ने गरेको स्मरण गर्दै अचेल गाउँभरि दुई हल गोरु पाउन मुस्किल हुने थापाले बताए । अहिले पनि धेरैले खेतबारी खोज्ने गोरुकै प्रयोग गरे पनि पाल्न भने छोडेको उहाँ बताए । गोरु पाल्नेले राम्रो आम्दानीसमेत गरिरहेको उनको भनाइ छ । एक हल गोरुले एक दिन खेतबारी जोते दुई हजारदेखि दुई हजार पाँच सयसम्म लिने गरेको थापाले बताए । उनले भने, 'गोरु पाल्न धेरैलाई गाह्रो हुने, तर जोत्न भने गोरु नै चाहिने, अचेलका मान्छे धेरै अल्छी हुँदै गए, हाम्रो पालामा गाउँमाथिको जङ्गलमा गएर साँघ काटेर ल्याएर खुवाउँथ्यौं, बर्खामा लेक लैजानुपर्थ्यो, अहिले गाउँमा गोरु पालेका किसान थोरै छन्, उनीहरुलाई अहिले भ्याइनभ्याइ छ, एक दिन गोरु खोत्न लग्यो भने राम्रै कमाई हुन्छ, गोरुसँगै जोत्ने हली पनि भयो भने एकै दिनमा तीन हजार पाँच सय सय कमाउने गरेका छन् ।' बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले पछिल्लो समय परम्परागत खेती प्रणाली बिस्तारै हराउँदै जान थालेको भन्दै संरक्षणमा जोड दिएको बताउँछिन् । गाउँपालिकाले अब गोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप अनुदान दिने योजना बनाएको उल्लेख गर्दै उनले किसान परिचयपत्रसमेत बनाउन थालिएको बताए । **-रासस**

## बीउ अभावले आलु उत्पादन कार्यक्रम रोकियो



गोरखामा किसानको आर्थिक आयआर्जन वृद्धिका लागि करिब रु डेढ करोड बजेट विनियोजन भएर आएको 'समुदायस्तरमा प्रशोधन योग्य आलु उत्पादन कार्यक्रम' रोकिएको छ । कृषि ज्ञान केन्द्र गोरखामार्फत लागू गर्ने गरी विनियोजन भएको रु एक करोड ४० लाख बजेटको कार्यक्रम बीउको अभावका कारण स्थगित गर्नुपरेको कार्यालयका प्रमुख नीलकण्ठ पोखरेलले जानकारी दिए ।

'गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट चालु आर्थिक वर्षदेखि कार्यक्रम सञ्चालन गर्ने गरी प्रशोधन योग्य आलु उत्पादनका लागि बजेट विनियोजन भएको थियो', उनले भने, 'तर आलु रोप्ने बेलामा बीउ नपाएपछि कार्यक्रम नै सञ्चालन गर्न सकिएन ।' केन्द्रले आलुको चिप्स उत्पादन गर्ने चिप्स उत्पादक कम्पनी फस्ट च्वाइस रुपन्देहीसँग किसानले उत्पादन गर्ने आलु खरिद गर्नेगरी सम्झौता गरेर कार्यक्रम अगाडि बढाउने तयारी गरिएको भए पनि आलु रोप्ने समयमा बीउ नै पाउन नसकिएको कार्यालय प्रमुख पोखरेलले बताए । 'मूल्य निर्धारण गरी किसानले उत्पादन गरेका सबै आलु कम्पनीले खरिद गरिदिने र ज्ञानकेन्द्रले किसानलाई अनुदानमा बीउ दिने गरी योजना बनाएर कार्यक्रम बनाइएको थियो', उनले भने,'आवश्यक बीउसमेत कम्पनीले उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि आलु लगाउने बेलामा भने बीउ उपलब्ध गराउनै सकेन ।' ज्ञानकेन्द्रले गएको जेठ र असोजमा समेत कम्पनीसँग बीउ उपलब्ध गराउने विषयमा पटकपटक छलफल गरेको थियो । 'कम्पनीले ढुक्क हुनुहोस् हामी चाहिए जति बीउ दिन्छौँ भन्यो', उनले भने, 'कात्तिक तेस्रो सातासम्म पनि जहाँबाट भए पनि हामी नै ल्याएर दिन्छौँ भन्यो तर अहिले आलु लगाउने बेलामा बीउ दिन नसकेपछि कार्यक्रम नै अघि बढाउन सकिएन ।' चिप्स उत्पादनका लागि कम्पनीसँग सम्झौता गरेर खुमल उत्सव, खुमल उज्वल र खुमल उपहार जातको आलु राम्रो हुने भएकाले यिनै प्रजातिको आलु लगाउने गरी कार्यक्रम तय गरिएको थियो ।

गोरखा जिल्लाभित्र करिब ६७ मेट्रिक टन उक्त जातको आलुको बीउ खरिद गरेर करिब एक हजार रोपनी क्षेत्रफलमा प्रशोधन योग्य आलु उत्पादन कार्यक्रम लागू गर्ने तयारी केन्द्रले गरेको थियो । 'कार्यक्रम अन्तर्गत बीउ खरिदका लागि मात्र रु ५२ लाख बजेट आएको थियो', प्रमुख पोखरेलले भने, 'त्यसबाहेक किसानले उत्पादन गर्ने आलुमा प्रतिकिलो रु दुई प्रोत्साहन उपलब्ध गराउने, चिप्स बनाउने आलुको प्रदर्शनी, किसानलाई तालिमलगायतका शीर्षकमा बजेट विनियोजन भएर आएको थियो ।' कम्पनीले बीउ दिन नसकेपछि काभ्रेलगायतका क्षेत्रमा ज्ञानकेन्द्रले पनि बीउको खोजी गरेको भए पनि नपाएको उहाँको भनाइ छ । कार्यक्रम सञ्चालन गर्न सकेको भए करिब दुई हजार मेट्रिक टनसम्म आलु उत्पादन गर्ने लक्ष्य कार्यालयको रहेको थियो । कार्यक्रम कार्यान्वयन गर्न नसक्दा जिल्लाका दुई सय ५० परिवार आर्थिक आयआर्जन वृद्धिको अवसरबाट वञ्चित भएका छन् । आलु खेतीका लागि केन्द्रले गोरखा नगरपालिका, सहिद लखन गाउँपालिका, पालुङटार नगरपालिका, सिरानचोक गाउँपालिका र अजिरकोट गाउँपालिकाका विभिन्न क्षेत्र छनोटसमेत गरिसकेको थियो । गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यस वर्ष गोरखासहितका विभिन्न छ जिल्लामा समुदायस्तरमा प्रशोधन योग्य आलु उत्पादन कार्यक्रम लागू गर्ने गरी चालु आर्थिक वर्षमा बजेट विनियोजन गरेको थियो ।**-रातोपाटी डटकम**

## गण्डकीमा सुन्तला खेती विस्तार



दुई वर्षअघिसम्म गण्डकी प्रदेशमा सात हजार नौ सय ४५ हेक्टरमा सुन्तला खेती भएको थियो । गत वर्ष थप तीन सय ९७ हेक्टरमा सुन्तला खेती विस्तार भएर आठ हजार तीन सय ४२ हेक्टर पुग्यो । प्रारम्भिक आँकडा अनुसार यस वर्ष झन्डै पाँच सय हेक्टरमा सुन्तला खेती विस्तार भएको प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले फल दिने सुन्तलाका बोट पाँच हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा फैलिएको जानकारी दिए । 'सुन्तला खेतीको क्षेत्रफल बर्सेनि विस्तार भइरहेको छ । उत्पादन भने घटबढ भइरहन्छ', उनले भने 'गत वर्षभन्दा यस वर्ष सुन्तला उत्पादनमा कमी आएको छ ।' गत वर्ष अघिल्लो वर्षको तुलनामा दश प्रतिशतले सुन्तलाको उत्पादन बढेको थियो । यस वर्ष असिना, रोग किरालगायतका कारणले सुन्तला कम फलेको रेग्मीले बताए । उनका अनुसार गत वर्ष गण्डकी प्रदेशमा ५५ हजार नौ सय ३५ मेट्रिक टन सुन्तला फलेको थियो । किसानले पाउने प्रतिकिलो रु ५० औसत मूल्यका आधारमा गत वर्ष रु दुई अर्ब ७९ करोड ६७ लाख ५० हजार बराबरको सुन्तला उत्पादन भएको निर्देशनालयले जनाएको छ । यस वर्ष उत्पादन घटेपछि किसानको आम्दानी पनि गुम्ने भएको छ । मुस्ताङ र मनाङबाहेक प्रदेशका सबै जिल्लामा सुन्तला खेती हुँदै आएको छ । गत वर्षसम्ममा स्याङ्जामा दुई हजार ६७, तनहुँमा १७ सय १२, गोरखामा एक हजार ८२, कास्कीमा आठ सय ९४, पर्वतमा आठ सय ७२, म्याग्दीमा सात सय ८०, बागलुङमा छ सय २२, लमजुङमा एक सय ७२ र नवलपुरमा एक सय ४२ हेक्टरमा सुन्तला खेती भएको थियो । जिल्लागत रुपमा यस वर्ष सुन्तला खेती विस्तारको आँकडा प्राप्त भइनसकेको निर्देशनालयले जनाएको छ । सुन्तला खेती विस्तार र व्यावसायिकीकरणका लागि सुन्तला 'सुपर जोन', 'जोन', 'पकेट' र 'ब्लक' कार्यक्रम सञ्चालित छन् । बागलुङ, पर्वत र म्याग्दीका केही स्थानीय तहलाई समेटेर सुन्तला 'जोन' बनाइएको निर्देशनालयले जनाएको छ । कार्यक्रम सुरु हुँदा उक्त क्षेत्रमा पाँच सय हेक्टर क्षेत्रफलमा सुन्तला खेती रहेकामा अहिले क्षेत्र विस्तार भएर एक हजारभन्दा बढी हेक्टर पुगेको जनाइएको छ । 'सुन्तला जोन' मा बढी सुन्तला उत्पादन हुने बागलुङको बिहुँ, सिगाना, पर्वतको बाँसखर्क, सालिजा, लेखफाँट, म्याग्दीको बास्कुना लगायत गाउँ पर्छन् । स्याङ्जामा सुन्तला 'सुपरजोन' कार्यक्रम सञ्चालित छ । सुरुमा केही स्थानीय तहका सीमित वडामा मात्र सञ्चालन गरिएको उक्त कार्यक्रमलाई पछि जिल्लाभर विस्तार गरिएको निर्देशनालयका प्रमुख रेग्मीले जानकारी दिए । स्याङ्जाका करेनडाँडा, जैसीडाँडा, राङ्खोला, अर्जुनचौपारी, तनहुँको म्याग्दे गाउँपालिका, गोरखाको सहिद लखन गाउँपालिकामा सुन्तला खेती बढी हुन्छ । यहाँ उत्पादित सुन्तला पोखरालगायत प्रदेशभित्रैका सहरी क्षेत्रमा बढी खपत हुने गरेको छ । व्यापारीले नारायणगढ, काठमाडौँलगायत ठाउँमा पनि बिक्रीका लागि पुऱ्याउँछन् । इस वर्ष सुन्तला याम सुरु भएसँगै बजारमा किनबेच हुन थालेको छ । सुरुसुरुमा केही कम मूल्य परे पनि पछिसम्म बोट र चिस्यान केन्द्रमा राखेर बेच्ने किसानले सुन्तलाको भाउ बढाउँदै लैजान्छन् । सुन्तला खेती विस्तारसँगै किसानलाई भने बजारको चिन्ता थपिने गरेको निर्देशनालयका प्रमुख रेग्मीले बताए । उनले सुन्तलामा आधारित उद्योग खोल्नुपर्ने बताए । उनका अनुसार रोगकिराको सङ्क्रमण, कलमी बिरुवाको अभाव, बगैँचा व्यवस्थापन, सुन्तला टिप्नेदेखि, सुरक्षित भण्डारण र ढुवानी, बजारको अभावलगायत कारणले सुन्तला खेतीमा चुनौती थपिएका हुन् । बोट सुकेर मर्ने रोग, औँसे किरा लगायतले पनि सुन्तला खेतीमा क्षति पुऱ्याउँदै आएको रेग्मीले बताए । उनका अनुसार निर्देशनालय, जिल्लास्थित कृषि ज्ञान केन्द्र लगायतले सुन्तला खेती प्रवर्द्धनमा अनुदान, सीप र प्रविधि सहयोग गर्दै आएका छन् । उत्पादन जति बढ्दा पनि बजारको अभाव नहुने र श्रमको उचित मूल्य पाउने सुनिश्चितता गर्न सके सुन्तला खेतीमा किसानको आकर्षण अझै बढ्ने बागलुङ नगरपालिका-८ सिगानाका अगुवा किसान टोपबहादुर खड्काले बताए । 'सिँचाइ, मल्खाद व्यवस्थापन, औषधोपचारमा किसानलाई बढी भार पर्छ, यस्तोमा राज्यले साथ दिनुपर्छ', उनले भने, 'नगद आम्दानी हुने भएकाले सुन्तला खेतीमा आकर्षण बढ्दो छ ।' **-रासस**

तानसेन सहकारीको १५ औं साधारण सभा

# ‘कृषि र उद्योगलाई जनताको जिविकोपार्जनसँग जोडौं’

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर ९/पाल्पा क्षेत्र नं. २ का संघीय सांसद ठाकुर गैरेले कृषि र उद्योगलाई जनताको जिविकोपार्जनसँग जोड्नुपर्ने बताएका छन् । शनिबार तानसेन बचत तथा ऋण सहकारी संस्था लिमिटेड १५ औं साधारण सभालाई तानसेनमा सम्बोधन गर्दै उनले कृषि र उद्योगलाई जनताको जिविकोपार्जनसँग जोड्नुपर्ने बताएका हुन् ।

गैरेले भने ‘सहकारी एक आपसको सहकार्यबाट सञ्चालन हुने भएकाले कृषिमुखी, उद्योगमुखी तथा रोजगारमुखी अभियान सञ्चालन गरी जनताको आयआर्जन तथा जिविकोपार्जनसँग सहकारीहरु जोडिनुपर्छ ।’ समय परिस्थिती अनुसार सहकारीले गर्दै आएका कारोबारहरु परिवर्तन गरी कृषि, उद्योग तथा रोजगारमुखी अभियानमा जोडिन उनले सहकारीलाई आग्रह गरे । अहिले गाउँ शहर जताततै केही पक्षले निरासै निराशाका कुरा गरेर जनतालाई अल्मलाई रहेको अवस्थामा सहकारीहरुले आशा जगाउने खालका गतिविधिहरु सञ्चालन गरी अर्थतन्त्रलाई चलायमान बनाउन पहल गर्नु अहिलेको आवश्यकता रहेको सांसद गैरेले औल्याए । तानसेन सहकारीले सबै शेयर सदस्यहरुलाई बराबर हैसियत दिएको र सबैको लगानी बराबर भएकाले सहकारीको सिद्धान्त अनुरुप सञ्चालन हुँदै आएकोमा खुसी व्यक्त गरे । कार्यक्रममा बार्षि प्रतिवेदन पेश गर्दै संहकारीका अध्यक्ष भोजराज पोखरेल( रामजी) ले आर्थिक बर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन पेश गरे । संस्थाले गत आर्थिक वर्षमा ८ करोड




३० लाख ४१ हजार ७ सय २७ बराबरको कुल कारोबार गरेको छ । उसले १२ करोड ६१ ला १४ हजार १ सय ३३ ऋण लगानी, २ करोड ६४ लाख ७९ हजार १४ ऋण अशुली गरेको छ । संस्थाले १४ लाख ९७ हजार ४ सय १८ खुद नाफा, जगेडा कोषमा ४४ लाख ११ हजार १ सय ७६, अन्य कोषमा ८९ लाख ६७ हजार ५८ र कुल आम्दानी १ करोड ६६ लाख ९४ हजार ९ सय ९० गरेको विवरण बार्षिक प्रतिवेदन मार्फत अध्यक्ष पोखरेलले सार्वजनिक गरे ।

संस्थाले आगामी दिनमा कार्यक्षेत्र विस्तार गर्ने, सदस्यता बृद्धिको लागि एक जनाले २० जना सदस्यसम्म सिफारिस गर्नेलाई बार्षिक रुपमा सम्मान गर्ने, पाल्पामा सम्भावित घरेलु उद्योग सञ्चालन गर्ने, दैनिक बचत कार्य अगाडि बढाउने गरी कार्ययोजना ल्याएको अध्यक्ष पोखरेलले बताए । कार्यक्रममा कोषाध्यक्ष दिपक विश्वकर्माले गत बर्ष शेयर पुँजी १ करोड ९ लाख ९० हजार रहेकोमा चालु आर्थिक बर्षमा १ करोड २० लाख पुऱ्याउने लक्ष्य लिएको बताए । संस्थाले विना धितो शेयर सदस्यहरुलाई ५० हजार, धितो राखी १ लाख देखी ३० लाखसम्म कर्जा प्रवाह गर्दै आएको कोषाध्यक्ष विश्वकर्माले बताए । कार्यक्रममा लेखा समिति संयोजक गुराँश आत्रेयले कम्प्युटर तथा डिजिटल प्रविधिबाट कारोबार गर्नुपर्ने, सबै समिति तथा उपसमितिहरुलाई पूर्ण रुपमा क्रियाशिल बनाउनुपर्ने, ऋण लगानीमा विमा कार्यक्रम लागु गर्नुपर्ने, ऋण अशुलीमा विशेष ध्यान दिनुपर्नेमा जोड दिएका थिए । सभामा अध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा समितिको प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, संस्थाका प्रमुख सल्लाहकार भेषराज सुवेदी, सल्लाहकार धनेन्द्रराज घिमिरे, जिल्ला सहकारी संघका अध्यक्ष भुपती पाण्डे, तानसेन नगरपालिका सहकारी प्रमुख विष्णु प्रसाद पौडेल, शेयर सदस्य मोहन थापा र लक्ष्मी ढुङ्गाना लगायतले शुभकामना दिदै सहकारीले गरेका गतिविधी बारे चर्चा गरेका थिए । सभामा शेयर सदस्यबाट संघीय सांसदमा ठाकुर प्रसाद गैरे, प्रदेश सासदमा खेम बहादुर सारु निर्वाचित भएकोमा सम्मान समेत गरिएको थियो । संस्थाले प्रमुख सल्लाहकार भेषराज सुवेदी, उत्कृष्ट बचतकर्ता विनु कुमारी पुन र चुरा बहादुर गोदारलाई सम्मान गरेको छ । संस्थाका अध्यक्ष भोजराज पोखरेल (रामजी) को अध्यक्षता, उपाध्यक्ष शान्ति बस्याल पाण्डेको स्वागत, सचिव धनिश्वर बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## एपीएफले लुम्बिनीलाई हरायो



**काठमाडौं,** मंसिर ९/केपी ओली कप टी-२० क्रिकेटमा शनिबार सशस्त्र प्रहरीको एपीएफ र कर्णाली प्रदेश विजयी भएका छन् । पोखरा मैदानमा एपीएफले लुम्बिनी प्रदेशलाई ८४ रनले हरायो । एपीएफले दिएको १ सय ५२ रनको लक्ष्य पछ्याएको लुम्बिनीले २० ओभरमा ९ विकेट गुमाएर ६७ रन मात्रै बनायो । उसका मिर्नल गुरुङले सर्वाधिक १४ रन बनाए ।

बलिङतर्फ एपीएफका अरुण ऐरीले पाँच विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एपीएफले ७ विकेट गुमाएर १ सय ५१ रन बनायो । उसका लोकेश बमले सर्वाधिक ३२ रन बनाए । जितसँगै एपीएफले दुई खेलमा दुई अंक जोडेको छ । लुम्बिनी शनिबार पहिलो खेलमै पराजित भएको हो । शनिबार भएको पहिलो खेलमा कर्णाली प्रदेशले मदन भण्डारी स्पोर्ट्स एकेडेमी ‘रातो’ लाई ४ विकेटले हरायो । जितका लागि १ सय १० रनको लक्ष्य पछ्याएको कर्णालीले १८ ओभर एक बलमा ६ विकेट गुमाउँदै भेट्टायो । बाग्मती समूह ‘ए’ का दुवै खेल जित्दै सेमिफाइनलमा पुगिसकेको छ, मदन भण्डारी बाहिरिएको छ । प्रतियोगितामा ७ प्रदेशका ७ वटा टिम, विभागीय टिमहरू नेपाल पुलिस, नेपाल आर्मी, एपीएफ र मदन भण्डारी स्पोर्ट्स एकेडेमीको रातो र निलो गरी १२ टिमको सहभागिता छ । प्रतियोगिताको विजेताले ५ लाख र उपविजेताले २ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

अर्थ/कर्पोरेट समाचार

## गरिमा विकास बैंक १७ औं वर्षमा प्रवेश




**पाल्पा,** मंसिर ९/गरिमा विकास बैंक लिमिटेड १७ औं वर्षमा प्रवेश गरेको छ । सबैका लागि पहुँच भन्ने नाराका साथ बैंकले १६ औं वर्ष पूरा गरी १७ औं वर्षमा प्रवेश गरेको हो ।

ग्राहकमैत्री एवं नवीनतम डिजिटल बैकिङ सेवा प्रवाह गर्दै आइरहेको बैंकले विभिन्न कार्यक्रम गरी वार्षिक उत्सव मनाएको छ । उसले वार्षिक उत्सवका अवसरमा देशैभर एकैदिन विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु आयोजना गरेको जनाएको छ । बैंकले वार्षिकोत्सवको अवसरमा केन्द्रीय कार्यालयसहित विभिन्न क्षेत्रीय तथा जिल्ला शाखा कार्यालयमा रक्तदान कार्यक्रम आयोजना गरेको छ । बैंकले न्यानो कपडा वितरण, डस्टबिन विद्यार्थीहरूका लागि स्कुल ब्याग, अनाथ तथा असहायहरुका लागि इन्भर्टर, बेड हस्तान्तरण गरेको समेत गरेको जनाएको छ । बैंकले नेपालको विभिन्न शहरी तथा ग्रामीण जिल्लामा १२३ शाखा कार्यालय र ५१ एटीएमबाट सरल, सुरक्षित एवं गुणस्तरीय बैकिङ सेवा प्रवाह गरिरहेको जनाएको छ । चालु आर्थिक वर्षको पहिलो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण अनुसार विकास बैंकले ८० अर्ब निक्षेप संकलन गरेको छ भने करिब रु. ६८ अर्ब कर्जा लगानीमा रहेको छ ।

करिब ८ लाख ग्राहकलाई सेवा पुऱ्याइरहेको बैंकले आफ्नो वासलात एवं अन्य प्रमुख वित्तीय सूचकहरुमा निरन्तर उत्साहजनक तथ्य प्रस्तुत गरिरहेको दावी गरेको छ । वार्षिकोत्सवको अवसरमा बैंकले काठमाडौंको पुतलीसडकमा नयाँ शाखा विस्तार समेत गरेको छ ।

## अर्को संविधानको...

नेता भण्डारीले काँग्रेस र गणतन्त्रको विकल्प नभई बुढा नेताहरुको विकल्प खोज्ने बेला भएको धारणा व्यक्त गरे ।

अर्का केन्द्रीय सदस्य नैनसिंह महरले प्रजातान्त्रिक आचरणअनुसार अगाडि बढ्ने वातावरण आफैंभित्र सिर्जना गर्न जरुरी रहेको बताए । कार्यक्रममा अर्का केन्द्रीय सदस्य चन्द्र केसी, काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिं पुन, प्रदेश उपसभापति भुवनप्रसाद श्रेष्ठ लगायतले नेपाली जनताको लामो इतिहास र बलिदानीबाट प्राप्त लोकतान्त्रिक गणतन्त्र जोगाउन काँग्रेस एकढिक्का भएर अगाडि बढ्नुपर्नेमा जोड दिए । काँग्रेस जिल्ला सभापति खिलध्वज पन्थीको सभापतित्व, सचिव भगतसिं खड्काको सञ्चालनमा कार्यक्रम भएको थियो । सम्मेलन आज सकिने अर्का पार्टी सचिव जगदीश भट्टराईले जानकारी दिए ।

## लैंगिक हिंसा विरुद्धको...

महिलामाथि हुने हिंसाविरुद्ध व्यापक जनचेतना जगाउने र समस्याको पहिचान गरी समाधानका लागि राज्यलाई कानुनी आधार तय गर्न सहकार्य गर्नु, लैङ्गिक हिंसा विरुद्ध पुरुषको सहकार्यलाई अभिवृद्धि गर्नु, लैङ्गिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने अधिकारकर्मीबीच ऐक्यबद्धता गर्नु, लैङ्गिक हिंसाका विविध आयाममा रणनीतिक छलफल गर्नु १६ दिने अभियानका मुख्य उद्देश्य रहेका छन् । नोभेम्बर २५ देखि डिसेम्बर १० का बीचमा पर्ने अन्य दुई महत्वपूर्ण दिवसलाई पनि यही १६ दिने अभियानअन्तर्गत मनाउने गरिएको छ । जसमा डिसेम्बर १ एड्स दिवस र डिसेम्बर १० मा विश्व मानव अधिकार दिवस पर्दछन् ।

यस अभियानअन्तर्गत विश्वव्यापी रुपमै महिला हिंसासँग सम्बन्धित चरणबद्ध अन्तरक्रिया, सडक नाटक, पोष्टर तथा पम्प्लेट प्रतियोगिता, सार्वजनिक सुनुवाइ, सूचना/शिक्षा सामग्रीको प्रदर्शन, सञ्चार अभियान, गोलमेच छलफललगायत कार्यक्रम गरी मनाउने गरिएको छ ।

मनको आवाज............
‘नाम पनि यूनिक, काम पनि यूनिक’
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

महिला हिंसा रोकौः असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन् ।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रुण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन् ।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं ।

**महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई